नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

# सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।११।०२)

यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा रहेको तपसील बमोजिमका भवनहरुको रेट्रो फिटिङ्ग सहितको निर्माण/मर्मत कार्य गर्नुपर्ने भएकाले मिति २०७२।१२।०२ गते भित्र नेपाल सरकारबाट सम्बन्धीत कार्यको लागी इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट बोलपत्र र तपसीलमा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै e-bidding बाट बोलपत्र दर्ता गर्न चाहने इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीले www.bolpatra.gov.np मा login गरी सिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ।

**कार्यको विवरणः**

| बोलपत्र/ ठेक्का नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|
| ५-०७२।०७३ | Retrofit of Training Building and Interior Construction Work | ३०००।- | २,४५,०००।- | • सिलबन्दी बोलपत्र<br>• e-bidding |
| ६-०७२।०७३ | Retrofit of Boys Hostel Building and Interior Construction Work | ३०००।- | १,८०,०००।- | • सिलबन्दी बोलपत्र<br>• e-bidding |

**शर्तहरु :**

१. बोलपत्र फारम मिति २०७२।१२।०१ गते कार्यालय समय भित्र इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीको प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधिबाट रितपूर्वक दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, भण्डार शाखाबाट Specification सहितको बोलपत्र फारम खरिद गर्न सकिने छ।

२. बोलपत्र फारम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले रु १०।— को टिकट टाँसी नियमानुसारको कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनुपर्नेछ। निवेदन साथ उद्योग दर्ता प्रमाण-पत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको स्थायी नम्बर लेखा नम्बर, आ.व.२०७१।०७२ सम्मको कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

३. बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ उल्लेखित जमानत रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेको नाममा राष्ट्रिय बाणिज्य बैंक, धुलिखेलमा रहेको **ख.३ धरौटी खाता नं. १०४०२०३** मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको १२० (एक सय बिस) दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानीपत्र (Bid-Security) पेश गर्नुपर्नेछ। सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का पट्टा नं. र कामको विवरण उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

४. बोलपत्रको खाम बाहिर बोलपत्र नम्बर, दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं (घरको, मोबाइल) स्पष्ट लेखिएको हुनुपर्नेछ।

५. बोलपत्र पेश गर्ने इच्छुक निर्माण व्यवसायीहरुले कम्तिमा एक(१) वटा भवनको रेट्रो फिटिङ्गको कार्य सम्पन्न गरेको हुनुपर्नेछ। दुई वटा ठेक्काकालागी काम गर्न ईच्छुक निर्माण व्यवसायीले प्रत्येक ठेक्का नं.का लागी छुटा छुटै बोलपत्र फारम खरिद गरि प्रस्ताव दर्ता गराउनुपर्नेछ।

६. बोलपत्र फाराम मिति २०७२।१२।०२ गते दिनको १२:०० बजे भित्र यस प्रशिक्षण केन्द्रमा दर्ता वा **e-submission** गराई सक्नुपर्नेछ। अन्य कार्यालयमा पेश गरिएको बोलपत्रहरुलाई मान्यता दिईने छैन। दाखिला हुन आएका वा **e-submitted** बोलपत्रहरु २०७२।१२।०२ गते दिनको २:०० बजे यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेलमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

७. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. बोलपत्रदाताले परिमाणको मुल्य पत्र (BOQ) मा मूल्य अभिवृद्धिकर (VAT) बाहेक तिर्नुपर्ने सबै कर र अन्य शुल्क समावेश गरी अंक र अक्षर दुवैमा स्पष्टसंग आइटमवाइज दररेट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

९. एउटा फार्मका नामबाट खरिद गरिएको बोलपत्र फारम अर्को फर्मका नाममा दाखिला गर्न पाइने छैन।

१०. सिलबन्दी बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ। सुचनाको शर्त विपरित भएको, केन्द्रबाट उपलब्ध गराइएको बोलपत्र फारममा कुनै थपघट गरिएको, म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

११. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet (BDS) मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम हुनेछ।

१३. **www.bolpatra.gov.np** बाट बोलपत्र दर्ता गराउन ईच्छुक फर्महरुलेः

(क) बोलपत्र फाराम www.bolpatra.gov.np मा login गरी डाउनलोड गर्नुपर्नेछ।

(ख) फाराम डाउनलोड गरे पश्चात बोलपत्र फाराम वापतको दस्तुर **राष्ट्रिय वाणिज्य बैंक, धुलिखेलमा कार्यलयको कोड नं. ३०-३३६-०१ राजस्व खाता नं. १-१-००१ राजस्व शिर्षक १४२२७** मा जम्मा गरी सो भौचरको Scan कपी सम्बन्धीत महलमा upload गर्नुपर्नेछ।

(ग) अन्य आवश्यक कागजातहरुको Scan कपी सम्बन्धीत महलमा upload गरी पेश गर्नुपर्नेछ। फ्याक्स ट्रान्फर आदि मार्फत गरिने खरिद उपर कारवाही गरिने छैन।

१४. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस केन्द्रको योजना शाखा फोन नं. ०११-६६१४५५ वा फ्याक्स नं. ०११-६६२०७८ मा सम्पर्क गर्न सकिनेछ।

१५. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकमको बैंक भौचर वा यस प्रशिक्षण केन्द्रको नाउमा जारी गरिएको कम्तिमा ६ महिना म्याद भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ।